नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)

फोन: ४११२७१७
४११२५५१
४११२७५३
४११२५५४
४४११८१६
फ्याक्स : ४११२६५२
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

पत्रसंख्या :-२०७६/०७७
च.नं.:- 806

मिति:२०७५।०७।२०

श्री एनएलजी इन्सोरेन्स कम्पनी लिमिटेड,
लाजिम्पाट, काठमाडौं ।

**विषय : स्वीकृतिको सूचना**

यस विभागको मिति २०७५।०५।२१ को बोलपत्र आव्हानको सूचना अनुसार *(करार सम्बन्धी विवरण)* कार्यान्वयन गर्न तपाँईले पेश गर्नु भएको बोलपत्र अनुसार पत्रकार दुर्घटना बीमाको लागि बीमा शुल्क मु.अ.क. सहित रु.२७५ (अक्षरुपी दुइ सय पचहत्तर मात्र) कबोल मूल्य भएको बोलपत्र स्वीकृत गरिएको व्यहोरा यो सूचनाद्वारा जानकारी गराउँदछौं ।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर गर्न यो पत्रको मितिले पन्ध्र (१५) दिनभित्र यस कार्यालयमा उपस्थित हुन तपाईलाई सूचित गरिन्छ । साथै, बैंक ग्यारेण्टी सहितको करारका विषेश शर्तहरुमा तोकिए अनुसारको कार्य-सम्पादन जमानत वा कबोल गरेको ४,१२,५००।- को ५ प्रतिशतले हुन आउने रकम रु. २०,६२५ धरौटी स्वरुप रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको धरौटी खाता नं. १२०१२००००१००२५२४ नेपाल राष्ट्र बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्ने व्यहोरा पनि तपाँईलाई जानकारी गराईन्छ ।

माथि तोकिएको म्यादभित्र कार्य-सम्पादन जमानत पेश गर्न र करार सम्झौतामा हस्ताक्षर गर्न तपाँई सफल नभएमा तपाईले पेश गर्नु भएको बोलपत्र जमानत जफत हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

(पवित्रा घिमिरे खनाल)
शाखा अधिकृत